खण्ड-१

नेपाल सरकार,

श्रम रोजगार तमा सामाजिक सुरक्षा मन्त्रालय

वैदेशिक रोजगार विभाग

ताहाचल, काठमाडौं

**सिलवन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना**

(पुन: प्रकाशित मितिः २०८२।०६।९)

यस विभागमा मिति: २०८२/०५/२४ गतेको आगजानीबाट बोलपत्र सम्बन्धी सम्पूर्ण कागजात नष्ट भएकोले यो सूचना पुन: प्रकाशित गरिएको छ। आर्थिक वर्ष ०८२/०८३ कार्तिक महिना देखि आठ घण्टा कार्यालयको सुरक्षा गर्ने प्रयोजनार्थ ७ जना सुरक्षा जवान अवश्यक भएकोले नेपाल सरकारबाट मान्यता प्राप्त सेक्युरिटी गार्ड सप्लाई गर्ने संस्थावाट तपसिलका शर्तहरुको अधीनमा रही सिलबन्दी दरभाउपत्र माध्यमद्वारा खरिद गर्नुपर्ने भएकोले उक्त कार्य गर्न इजाजत प्राप्त इच्छुक फर्म/संस्था/ कम्पनीहरुले दरभाउपत्र पेश गर्नुहुन अनुरोध छ।

**शर्तहरुः**

१. दरभाउपत्र फाराम रु.१०००।- (यस अघिको सूचनामा सहभागी बोलपत्रदाताहरुले बोलपत्र खरिद गर्दाको भौचरको प्रतिलिपि पेश गरे हुने) पछि फिर्ता नहुने गरी गरी रा.बा.बैंकको राजश्व खातामा वैदेशिक रोजगार विभागको कार्यालय कोड नं. ३७१०२३५०१ शिर्षक नं. १४२२९ मा जम्मा गरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन र सो दिन विदा परेमा त्यसपछि कार्यालय खुलेको दिनसम्म कार्यालय समय भित्र यस विभागको आर्थिक प्रशासन शाखाबाट खरिद गरी १६ औं दिन र सो दिन विदा परेमा त्यसपछि कार्यालय खुलेको दिन दिनको १२:०० बजेभित्र यस विभागमा दर्ता गराउनु पर्नेछ। सोही दिन दिनको १:०० बजे दरभाउपत्रदाताहरुको प्रतिनिधीहरुको उपस्थितिमा दरभाउपत्र खोलिने छ। प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

२. दरभाउपत्र खरिदकर्ताले फाराम साथ अध्यावधिक फर्म संस्था वा कम्पनी दर्ताको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, सामाजिक सुरक्षा कोषमा सुचिकृत भएको प्रमाण र स्थायी लेखा दर्ता नम्बर (प्यान) प्रमाणपत्र, आन्तरिक राजस्व कार्यालयको ०८०/८१ वा पछिल्लो आ.व. सम्मको कर चुक्ता गरेको प्रमाणपत्र वा कर विवरण पेश गरेको कागजात र खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्वघोषणा पत्र अनिवार्य पेश गर्नुपर्नेछ ।

३. प्रस्ताव पेश गर्दा दरभाउपत्रको जमानत बापतको निम्न बमोजिमको धरौटी रकम को.ले.नि.का. बबरमहल, काठमाडौंको नेपाल राष्ट्र बैंक थापाथलीमा रहेको स.अ. १२०१२००००१००२ ५२४ को धरौटी खाता कार्यालय कोड नं. २७-३७१-०५ (३७१०२३५०१) मा नगदै जम्मा गरेको सक्कल भौचर वा कम्तिमा ७५ दिन म्याद भएको मान्यता प्राप्त बैंकको बैंक ग्यारेन्टी (BID Security) पेश गर्नुपर्नेछ। दरभाउपत्रको मान्य अबधि ४५ दिनको हुनेछ ।(यस सम्बन्धी अघिल्लो सूचनामा पेश गरेको नगद धरौटीको बैंक भौचरको प्रतिलिपि पेश तथा बैंक ग्यारेन्टीको समय बाँकी रहेमा मान्यता दिइने छ)

४. यो सूचना विभागको वेभसाइटः www.dofe.gov.np मा पनि हेर्न सकिनेछ ।

**तपशिलः**

| विवरण | धरौटी /बैंक जमानत रकम रु | कैफियत |
|---|---|---|
| सुरक्षा गार्ड | ५०,०००/- | |